प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## सेवा सूचारु सम्वन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।१०।१३)

उपर्युक्त सम्वन्धमा मुलुकभरी कोभिड १९ को संक्रमणको प्रभाव यस कार्यालयमा समेत देखिएको भनी यस कार्यालयको मिति २०७८।१०।०९ गते देखि यस कार्यालयमा मूल प्रमाणपत्र, मार्कशीट र ट्रान्सकृप्टका लागि आवेदन फाराम संकलन र प्रमाणपत्र बितरणका सेवाहरु स्थगन गरिएकोमा बिभिन्न निकायहरुमा रोजगारीको अवसरहरुमा फाराम भर्न प्रमाणपत्र आवश्यक भएको कारण सेवाग्राहीहरुबाट भएका अनुरोधलाई मध्यनजर गरी मिति २०७८।१०।१६ गते देखि स्थगन भएका सेवाहरु सूचारु गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ । साथै कोभिड १९ ओम्निक्रोमको संक्रमणबाट कर्मचारीहरुलाई पोजिटिभ देखिएकाले उक्त सेवाहरु प्रदान गर्दा नागरिक बडापत्रमा उल्लेख भएको समय सीमामा सेवा प्रवाह हुन नसक्ने र केही ढिलाई हुन सक्ने व्यहोरा समेत अनुरोध छ ।

साथै यस कार्यालयमा सेवाहरु लिनु पर्ने भएमा अनिवार्य रुपमा मास्क लगाई स्वास्थ्य मापदण्डको पुर्ण रुपमा पालना गरी साथमा खोप कार्ड (मोवाइलमा कार्डको फोटो भए पनि हुने) लिएर मात्र आउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**